# सूचना !   सूचना !!   सूचना !!!

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ **प्रहरी सहायक निरीक्षक** तथा **प्राविधिक** समूह अन्तर्गत विभिन्न **उपसमूह** तर्फ रिक्त **प्राविधिक प्रहरी जवान** पदहरूमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्न प्रहरी प्रधान कार्यालयबाट मिति २०७८/०६/२२ गते प्रकाशित विज्ञापन अनुसार दरखास्त दिई **विस्तृत स्वास्थ्य परीक्षणमा** उत्तीर्ण हुने उम्मेदवारहरूको **लोक सेवा आयोगद्वारा निम्न तालिका बमोजिम लिखित परीक्षा सञ्चालन** हुने व्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

साथै **लिखित परीक्षाको परीक्षा केन्द्र सम्बन्धी सूचना** लोक सेवा आयोगबाट प्राप्त भए पश्चात नेपाल प्रहरीको वेभसाईट *www.nepalpolice.gov.np* मा पछि प्रकाशन गरिने व्यहोरा समेत जानकारीको लागि सूचित गरिन्छ ।

**निम्न:-**

लोक सेवा आयोग

## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा

### परीक्षा संचालन शाखा

## प्रहरी सहायक निरीक्षक र प्रहरी जवान (प्राविधिक) पदको परीक्षा कार्यक्रम निर्धारण गरिएको सम्बन्धी सूचना

| **निकायः** | **श्री नेपाल प्रहरी** | विज्ञापन प्रकाशित मितिः | **२०७८/०६/२२** | लि.प. कार्यक्रम प्रकाशित मितिः | **२०७८/०९/२१** |
|---|---|---|---|---|---|

**नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार प्रहरी सहायक निरीक्षक (जनपद) तथा प्रहरी जवान (प्राविधिक) तर्फका विभिन्न पदको खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षा कार्यक्रम देहाय बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोभिड-१९ संक्रमण भएका उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्र रहने हुँदा परीक्षा शुरु हुनु भन्दा कम्तीमा ३ (तीन) घण्टा अगावै नेपाल प्रहरीमा अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान | पेशागत व्यवहारिक परीक्षण | | |
| १ | ३४ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी सहायक निरीक्षक (जनपद) | २०७८ माघ २० गते १:०० बजे (५० मिनेट) | २०७८ माघ २१ गते १:०० बजे (२ घण्टा ३० मिनेट) | २०७८ माघ २२ गते १:०० बजे (२ घण्टा १५ मिनेट) | २०७८ माघ २२ गते ३:२५ बजे (४५ मिनेट) | - | लोक सेवा आयोगको परीक्षा सञ्चालन गर्ने कार्यालयले तोके बमोजिम हुनेछ । |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | उम्मेदवार संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | |
| १ | ३५ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), सूचना प्रविधि निर्देशनालय, इञ्जिनियरिङ | २०७८ माघ २४ गते विहान ८:०० बजे (२ घण्टा) | - | - | परीक्षा सञ्चालन गर्ने आयोगको कार्यालयले तोके बमोजिम हुनेछ । |
| २ | ३७ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), सवारी महाशाखा, इञ्जिनियरिङ | २०७८ माघ २४ गते दिनको १:०० बजे (२ घण्टा) (संयुक्त पत्र) | - | - | |
| ३ | ३८ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), केनाईन महाशाखा, केनाईन (डग हेण्डलर) | | - | - | |
| ४ | ३९ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, विधि विज्ञान | २०७८ माघ २५ गते विहानको ८:०० बजे (२ घण्टा) | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ३६ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), भौतिक पूर्वाधार निर्देशनालय, इञ्जिनियरिङ | २०७८ माघ २५ गते दिनको १:०० बजे (१ घण्टा ३० मिनेट) | २०७८ माघ २५ गते दिनको ३:०० बजे (३० मिनेट) | - | परीक्षा सञ्चालन गर्ने आयोगको कार्यालयले तोके बमोजिम हुनेछ । |
| ६ | ४० (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), नेपाल प्रहरी संगीत विद्यालय, संगीत | २०७८ माघ २६ गते दिनको १:०० बजे (२ घण्टा) | - | - | |
| ७ | ४१ (०७८/७९) | खुला तथा समावेशी | प्रहरी जवान (प्राविधिक), संञ्चार निर्देशनालय, इञ्जिनियरिङ | २०७८ माघ २७ गते दिनको १:०० बजे (२ घण्टा) | - | - | |

## प्रहरी सहायक निरीक्षक र प्राविधिक प्रहरी जवान पदको लिखित परीक्षा सञ्चालन गर्ने आयोगका कार्यालयहरु

| क्र.सं. | दरखास्त फाराम बुझाएको क्षेत्र | परीक्षा संचालन गर्ने कार्यालय |
|---|---|---|
| १ | १ नं. प्रदेश प्रहरी तालिम केन्द्र, विराटनगर, मोरङ, फोन नं. ९८५२०९०१८० | धनकुटा कार्यालय |
| २ | २ नं. प्रदेश प्रहरी तालिम केन्द्र, जनकपुर, हाल सम्पर्क कार्यालय : राजविराज, सप्तरी ), फोन नं. ९८५४०९०६०० | जलेश्वर कार्यालय |
| ३ | बागमती प्रदेश प्रहरी तालिम केन्द्र, दुधौली, सिन्धुली, फोन नं. ९८५४०४१७८९ | हेटौंडा कार्यालय |
| ४ | महानगरीय प्रहरी शिक्षालय, महाराजगंज, काठमाडौं, सम्पर्क नं. ९८५१२२३५१२ महानगरीय प्रहरी परिसर (काठमाडौं, भक्तपुर, ललितपुर), | काठमाडौं कार्यालय |
| ५ | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा, कास्की, ९८५६०६८१२१ | पोखरा कार्यालय |
| ६ | लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्र, बुटबल, रुपन्देही, ९८५७०९०४४४ | बुटवल कार्यालय |
| ७ | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगंज, बाँके), ९८५८०९०११५ | सुर्खेत कार्यालय |
| ८ | सुदूर पश्चिम प्रदेश प्रहरी तालिम केन्द्र, दिपायल, डोटी, ९८५८४९००८४ | दिपायल कार्यालय |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारवालाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
३. परीक्षा भवनमा **मोबाइल फोन निषेध** गरिएको छ ।
४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।
५. वस्तुगत वहुउत्तर प्रश्नको गलत उत्तरको **२०% अङ्क** कट्टा हुनेछ ।
६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter) मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।
७. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो **नागरिकता** वा **नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।
८. नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षा सम्बन्धी निर्णयहरु तथा आयोगबाट जारी हुने **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित)** को पालना गरी परीक्षा सञ्चालन हुनेछ ।
९. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी नेपाल प्रहरीमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

**कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले **अनिवार्य रुपमा** मास्क लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ।
२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **१ घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ ।
३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम गरी** क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ ।
४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।
५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

**प्रहरी सहायक निरीक्षक पदको तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ ।**

| | |
|---|---|
| १ | **पेशागत अभिवृत्ति परीक्षण (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त खण्ड क को उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा खण्ड ख को प्रश्नपत्र सहितको उत्तरपुस्तिका वितरण हुनेछ र उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ ।** |
| २ | **खण्ड क को परीक्षा समाप्त भएपश्चात दिईएको १० मिनेट भित्र निर्देशन पढ्ने र विवरण भर्ने कार्य गर्नु पर्नेछ र परीक्षा शुरु गर्ने संकेत घण्टी नलागेसम्म उक्त बाहिरी पेज बाहेक अन्य पाना हेर्न, पल्टाउन वा अध्ययन गर्न पाईने छैन ।** |
| ३ | **परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिच्ने लगायतका कार्य गर्न गराउन पाइने छैन ।** |
| ४ | **प्रहरी सहायक निरीक्षक पदको लागि Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ । यसको लागि परीक्षार्थीहरुलाई प्रश्नको समाधान गर्न प्रत्येक प्रश्नको लागि निर्दिष्ट पाना उपलब्ध हुनेछ । दिइएको स्थान अपुग भएमा सो पानाको पछाडी रहेको खाली भाग समेत उपयोग गर्न सकिने छ।** |
| ५ | **उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन, उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।** |
| ६ | **परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ ।** |

राजु सत्याल
शाखा अधिकृत

नारायणप्रसाद ज्ञवाली
उप सचिव